# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जलेश्वर, महोत्तरी

प.सं.:-आ.प्र.शा.१।२०७५।०७६ मिति:-२०७६।०२।२०

सूचना प्रकाशित मिति २०७६।०२।२० गते

**विज्ञापन करको ठेक्का लगाउने सूचना ।**

जलेश्वर न.पा.वा.नं. १ देखि वा.नं.१२ सम्म विज्ञापन कर को ठेक्का लगाउन आ.व. २०७६।०७७ को २०७६ साल श्रावण १ गते देखि आ.व. २०७८।०७९ को २०७९ साल आषढ मसान्त सम्म वर्ष ३ को लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले ठेक्का लिन चाहने महानुभावहरुले निम्न सर्तको बन्देजमा रही टिकट वापत रु. १० नगदै संलग्न राखी सिलबन्दी वोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि प्रथम पटक यो ३० तिस दिने सूचना प्रकाशित गरिएको छ

तपसिल

१. यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० औ दिन भित्र यस कार्यालयवाट रु.३००।-(तिन सय ) तिरी कार्यालय समय सम्म बोलपत्र खरिद गर्न सकिने छ ।

२. न.पा. अन्तरगत लाग्ने विज्ञापन कर न.पा.ले तोकेको दरवन्दी वमोजिम ठेकदारले असुल उपर गर्न पाउने छ ।

३. ठेक्का कवुल अंकको नेपाली नागरिकताको प्रतिलिपी सहित ५% प्रतिशत विदेशी नागरिक भएमा १०%प्रतिशत रकम यस कार्यालयको रा.वा.बैक शाखा कार्यालय जलेश्वरको धरौटी खाता नं. १२७०३०३००७१०२ मा जम्मा गरेको सक्कलै बैक भाउचर बोल पत्र साथ , टिकट वापत रु.१०।- नगदै संलग्न राखि पेश गर्नु पर्ने छ ।

४. ठेक्का स्विकृत भएपछि कवुल रकम एक मुस्ट अग्रिम वुझाउनु पर्ने छ ।

५. नेपाल सरकारलाई बुझाउनु पर्ने सवै किसिमको कर ठेक्दारले नै बुझाउनु पर्ने छ ।

६. ठेक्दारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन कारारनामा मा उल्लेखित सर्त वमोजिम काम गर्नु पर्ने छ ।

७. बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार न.पा.मा निहित रहनेछ ।

८. केरमेट भएको ठाउमा बोलपत्र दाताको सहिछाप नभएको म्याद नाघी पर्न आएको अथवा कुनै किसिमको सर्त राखेको बोलपत्र स्विकृत गर्ने छैन ।

९. बोलपत्र फाराममा भएको रकम अक्षर र अंकमा फरक परेमा अक्षरलाई मान्यता दिनेछ ।

१०. बोलपत्र तथा न.पा.बिच कुनै किसिमको मतभिनता भएमा न.पा.को निर्णय अन्तिम हुनेछ ।

११. बोलपत्र भर्दा आफुले कवुल गरेको रकम अंक र अक्षर स्पष्टरुमा भरी राम्ररी खाम वन्दी गरी शिलवन्दी गरी शिलछाप लगाई आफनो नाम र ठेगाना समेत लेखी विज्ञापन करको शिल टेन्डर ३१ औ दिन दिनको १२.०० बजे सम्म यस कार्यालयमा दर्ता गराई सकनु पर्ने छ ।

१२. टेण्डर फाराम ३१ औ दिन दिनको २.०० बजे सम्वन्धीत प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । उक्त समयमा टेण्डर दाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि टेण्डर खोलिने कार्य रोकिनेछैन ।

१३. यसमा नपरेको कुरा नेपालको कानून वमोजिम हुनेछ ।

१४. उल्लेखित मितिहरुमा विदा परेको खण्डमा सोको भोली पल्ट उक्त कार्य सम्पादन गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

१५.   विज्ञापनकरको न्यूनतम अंक रु. ७,०१,०००।०० ।

**विज्ञापन कर सम्वन्धमा**

| क्र.सं. | विवरण | प्रतिफिट रु. | वार्षिक |
|---|---|---|---|
| १ | मादक पदार्थ धुम्रपान<br>क) होडिंगवोर्ड / डि.पि.एस वोर्ड / ग्लो<br>ख) भित्ते लेखन<br>ग) तुल व्यानरमा | <br><br><br>४०।- | <br>१००।-<br>५०।- |
| २ | होटल तथा व्यापार व्यवसायको प्रवर्द्धन र सवारी साधन<br>क) होडिंगवोर्ड / डि.पि.एस वोर्ड / ग्लो<br>ख) भित्ते लेखन<br>ग) तुल व्यानरमा | <br><br><br>२५।- | <br>१००।-<br>५०।- |
| ३ | अन्य<br>क) होडिंगवोर्ड / डि.पि.एस वोर्ड / ग्लो<br>ख) भित्ते लेखन<br>ग) तुल व्यानरमा | <br><br><br>२५।- | <br>५०।-<br>२०।- |

**बोलपत्र दाताले भर्नुपर्ने ।**

विज्ञापन करको प्रकाशित सूचना अनुसार आ.व. २०७६।०७७ को २०७६ साल श्रावण १ गते देखि आ.व.२०७८।०७९ को २०७९ साल आषाढ मसान्त सम्मको लागि रु. .................. अक्षरेपी रु. ....................................... को सक्कल बैक भाउचर  यसै साथ संलग्न छ ।

ठेक्का अवधि मैले सूचना तथा बोलपत्रको नियम सर्त समेत पढी बुझि ठेक्का लिन मन्जुर छ । ठेक्का मेरो नाममा स्विकृत भएपछि सम्झौता गर्ने पत्रमा उल्लेखित निर्दिष्ट म्याद भित्र कवुल रकम यस कार्यालयमा एक मुष्ट दाखिला गरी ऐन नियम निर्देशन तथा माथी उल्लेखित शर्तको परिधि भित्र रही कवुलियत करारनामा गरी ठेक्का भोग चलन गर्नेछु । म्याद भित्र कवुल रकम यस कार्यालयमा दाखिला नगरेमा मैले राखेको धरौटी जफत गरी अर्को ठेक्का वन्दोवस्त भएमा मलाई मन्जुर छ ।

**बोलपत्र दाता**

नाम :-

ठेगाना:-

सहीछाप:-

प्रमुख प्रशासकीय अधिकृत